# प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** तरकारी तथा पुष्प खेतीमा उपलब्ध आधुनिक प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आयात प्रतिस्थापन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुन नितान्त जरुरी छ। सोही सन्दर्भमा प्रदेश नं. ५ मा बढी मूल्य जाने गुणस्तरीय तरकारी तथा पुष्पको उत्पादन र उत्पादकत्व वढाउने, उक्त बालीहरुमा व्यावसायिकता विकास गरी आय वृद्धि गर्ने तथा यस प्रदेशको वागवानी क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतको निकायद्वारा सञ्चालन हुने वार्षिक स्वीकृत कार्यक्रम प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रमलाई सञ्चालन गर्न प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"अनुदान"** भन्नाले खण्ड (ण) अनुसारको पूर्वाधार निर्माणका लागि उपलब्ध गराइने नगद अनुदानलाई सम्झनु पर्छ।

(ख) **"अनुदानग्राही"** भन्नाले व्यावसायिक रुपमा उच्च मूल्य जाने तरकारी तथा पुष्प खेती सञ्चालन गर्नका लागि यस कार्यविधि बमोजिम छनौट भएका कृषक समूह/कृषि सहकारी/निजी कृषि फार्म/निजी कृषि कम्पनीलाई सम्झनु पर्छ।

(ग) **"आवेदक"** भन्नाले व्यावसायिक रुपमा उच्च मूल्य जाने तरकारी तथा पुष्प खेती सञ्चालन सहयोगका लागि अनुदान माग गरेको निवेदन पेश गर्ने कृषक समूह/कृषि सहकारी/निजी कृषि फार्म/निजी कृषि कम्पनीलाई सम्झनु पर्छ।

(घ) **"एग्रीनेट हाउस"** भन्नाले फ्ल्याट टप भई ४० Mesh को टप एग्रीनेट, एल्मुनियम शेड नेट तथा क्रिष्टल साइड नेटको आवरण र Galvanized Iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्छ।

(ङ) **"कृषक समूह"** भन्नाले सम्बन्धित निकायमा दर्ता भई कृषि कार्य गरिरहेका कृषक समूहलाई सम्झनु पर्छ।

(च) **"कार्यालय"** भन्नाले कार्यक्रम सञ्चालन गर्ने निकाय सम्झनु पर्छ ।

(छ) **"समिति"** भन्नाले दफा ६ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ज) **"निजी कृषि कम्पनी / कृषि फार्म"** भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कृषि बाली उत्पादन, प्रशोधन, बजारीकरण सम्बन्धी उद्देश्य भएका निजी कम्पनीलाई सम्झनु पर्छ। सो शब्दले घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको कृषि बाली उत्पादन, प्रशोधन, बजारीकरण सम्बन्धी उद्देश्य भएका उद्योग समेतलाई जनाउँछ।

(झ) **"निर्देशनालय"** भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ञ) **"नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस"** भन्नाले तापक्रम नियन्त्रणको अतिरिक्त व्यवस्था नभई टप तथा साइड भेण्टिलेशनका माध्यमबाट तापक्रम व्यवस्थापन सहितको पराबैजनी किरण अवरोधक पोलिथिन (U.V. Stabilized Polyethylene Film) र जाली (U.V. Stabilized Thermal Net) सँगै एग्रीनेट वा इन्सेक्ट नेट (Agri Net or Insect Net) को आवरण र Galvanized Iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्छ।

(ट) **"प्लाष्टिक टनेल/घर"** भन्नाले जि.आइ. पाइप वा बाँस र यू.भी. स्टाविलाइज्ड प्लाष्टिक प्रयोग गरी बनाइएको घर वा टनेललाई सम्झनु पर्छ।

(ठ) **"प्रस्ताव"** भन्नाले उच्च मूल्य जाने ताजा तरकारी तथा पुष्प उत्पादनका लागि प्रोटेक्टेड हर्टिकल्चर प्रविधि निर्माणका लागि अनुदानको लागि पेश गरेको आवेदनलाई सम्झनु पर्छ।

(ड) **"प्रोटेक्टेड हर्टिकल्चर"** भन्नाले नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस वा एग्रीनेट हाउस वा प्लाष्टिक घर (जि.आइ. पाइप वा बाँसको) भित्र थोपा सिँचाइ पूर्वाधार तथा प्लाष्टिक मल्चिङ्ग (छापो) प्रयोग गरी उच्च मूल्य जाने तरकारी तथा पुष्प उत्पादन तथा व्यवस्थापनलाई सम्झनु पर्छ।

(ढ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ण) **"संरक्षित संरचना"** भन्नाले खण्ड (घ), (ञ) र (ट) अनुसारका संरचनाहरुलाई सम्झनु पर्छ।

(त) **"सहकारी"** कृषि सहकारी भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको कृषि सहकारी संस्था वा कृषि क्षेत्रमा कार्य गर्ने गरी दर्ता भएका बहुउद्देश्यीय सहकारीलाई सम्झनु पर्छ।

(थ) "ज्ञान केन्द्र" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) उपलब्ध आधुनिक प्रविधिको प्रयोग गरी उच्च मूल्य जाने तरकारी तथा पुष्प बालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(ख) बेमौसमी उत्पादन प्रवर्द्धन गरी आय आर्जन वृद्धि तथा आयात प्रतिस्थापन गर्ने,

(ग) कृषि क्षेत्रमा युवा तथा शिक्षित वर्गहरुलाई आकर्षित गरी मर्यादित पेशाको रुपमा विकास गर्ने।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. <u>सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने:</u> (१) कृषक समूह, कृषि सहकारी, निजी फर्म/कम्पनीहरुलाई लक्षित गरी सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पश्चात आवेदकले दफा ५ बमोजिमको योग्यता पुगेका प्रस्तावकले सूचनामा तोकिकएको कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

५. <u>आवेदन दिन आवश्यक योग्यता</u> : आवेदन दिदाँ देहाय बमोजिमको योग्यता पुगेका कृषक, समूह, सहकारी, निजी कृषि कम्पनी/फार्मले प्रस्ताव पेश गर्न सक्नेछन् :-

(क) आवेदकले गत आर्थिक वर्ष सम्म दर्ता भई स्थायी लेखा नम्बर लिएको, नियमितरुपमा लेखा परीक्षण गराएको र नियमानुसार कर चुक्ता गरेको हुनु पर्नेछ।

(ख) कृषक समूहको हकमा गत आर्थिक वर्षसम्ममा दर्ता भएको र स्थायी लेखा नम्बर लिएको हुनु पर्नेछ।

(ग) नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस तथा एग्रीनेट हाउस निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा पर्याप्त जग्गा भएको वा कम्तिमा १५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

(घ) प्लाष्टिक घर/टनेल निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रर्याप्त जग्गा भएको वा कम्तिमा ५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

(ङ) जग्गाको जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि र भाडामा लिएको भए भाडामा लिएको सम्झौता-पत्र र जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(च) भौतिक पूर्वाधार निर्माणको हकमा डिजाइन, ले-आउट तथा लागत इस्टिमेट प्राविधिकबाट तयार भएको हुनु पर्नेछ।

(छ) संरक्षित संरचनामा प्रस्तावित बालीको खेतीमा अनुभव तथा जनशक्तिको विवरण पेश गर्नु पर्नेछ।

(ज) आवेदकले आफ्नो लागत अंश व्यहोर्न सक्ने क्षमता भएको प्रमाण पेश गरेको हुनु पर्नेछ।

(झ) दफा १० को उपदफा (४) को तालिका अनुसारको न्यूनतम क्षेत्रफलका आधारमा अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गरेको हुनु पर्नेछ।

(ञ) प्रस्तावित परियोजना स्थलमा सडक, सिंचाई, विजुली, लगायतका सुविधाहरु भएको विवरण पेश गर्नु पर्नेछ।

(ट) समान प्रयोजनका लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ।

(ठ) स्थानीय तहले स्थानीय रुपमा कार्यक्रम सञ्चालनको सिफारिस र कृषि ज्ञान केन्द्रको प्राविधिक उपयुक्तताको सिफारिस पेश गर्नु पर्नेछ।

६. <u>कार्यक्रम व्यवस्थापन समिति</u> : (१) प्रस्तावहरुको छनौट तथा अन्य व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः-

(क) प्रमुख, निर्देशनालय -अध्यक्ष

(ख) सम्बन्धित विषयको महांशाखा प्रमुख वा अधिकृतस्तरको प्रतिनिधी, मन्त्रालय -सदस्य

(ग) योजना कार्यक्रम तथा अनुगमन शाखा प्रमुख, निर्देशनालय -सदस्य

(घ) लेखा प्रमुख, निर्देशनालय -सदस्य

(ङ) कृषि विकास निर्देशनालयको बागवानी शाखा प्रमुख वा जिम्मेवार अधिकृत, निर्देशनालय -सदस्य सचिव

(२) कृषि ज्ञान केन्द्रबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

(क) प्रमुख वा निजले तोकेको अधिकृत, ज्ञान केन्द्र -अध्यक्ष

(ख) ज्ञान केन्द्र रहेको पालिकाको कृषि शाखा प्रमुख, -सदस्य

(ग) योजना अधिकृत/योजना शाखा प्रमुख, ज्ञान केन्द्र -सदस्य

(घ) लेखा प्रमुख, ज्ञान केन्द्र -सदस्य

(ङ) कार्यक्रम सञ्चालन गर्ने शाखा प्रमुख, ज्ञान केन्द्र - सदस्य सचिव

(३) समितिले बढीमा ३ जनालाई बैठकमा आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

७. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा तयार गर्ने र सूचना प्रकाशन, प्रस्ताव सङ्कलन सम्बन्धी निर्णय गर्ने,

(ख) कार्यक्रम सञ्चालनलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यकता अनुसार समितिको सदस्यको संयोजकत्वमा बढिमा ३ सदस्यीय उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकी कार्य गराउन सक्ने,

(ग) दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पूरा गरेको/नगरेको यकिन गरी प्रारम्भिक मूल्याङ्कन गर्ने/गराउने,

(घ) प्रारम्भिक छनौट भएका प्रस्तावकहरुको आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,

सचिव

आ. आरती धोलेल

(ङ) स्थलगत निरीक्षण टोलीको प्रतिवेदन/सिफारिसमा उल्लेख भए अनुसार प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने वा अस्वीकृत गर्ने निर्णय गर्ने,

(च) प्रस्तावकको अन्तिम मूल्याङ्कन अनुसूची-५ बमोजिम गर्ने/गराउने,

(छ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधिभित्र रही सम्झौताको लागि अनुदानग्राही छनौटको लागि निर्देशनालयमा सिफारिस गर्ने,

(ज) प्रस्तावकहरुले प्रस्ताव गरेको कार्ययोजनालाई आवश्यक भए परिमार्जन सहित अन्तिम रुप दिने,

(झ) सञ्चालन कार्यको सुपरिवेक्षण र अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने र प्राविधिक सेवा समेत प्रदान गर्ने/गराउने,

(ट) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने अनुदानग्राहीलाई कारबाहीका लागि सिफारिस गर्न सक्ने।

## परिच्छेद-३

## प्रस्ताव छनौट र सम्झौता

८. प्रस्तावको छनौट : (१) समिति आफैले वा दफा ७ को खण्ड (ख) बमोजिम गठित उप-समिति मार्फत प्राप्त प्रस्तावहरुको प्रारम्भिक तथा विस्तृत मूल्याङ्कन गर्ने/गराउनेछ।

(२) प्रारम्भिक मूल्याङ्कनका क्रममा सूचनामा माग भए बमोजिमका कागजातहरु पेश भएका प्रस्तावलाई प्रारम्भिक मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछ। माग भए बमोजिमका कागजात पेश नगर्ने प्रस्तावहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेस गरिने छैन।

(३) प्रस्तावकले विगत २ आ.व. भित्र सोही प्रयोजनका लागि कुनै निकायवाट अनुदान नलिएको हुनु पर्नेछ। सो सम्बन्धमा अनुसूची-३ बमोजिमको प्रतिवद्धता-पत्र समेत पेश गर्नु पर्नेछ।

९. सम्झौताः (१) प्राप्त प्रस्तावहरु मध्ये कार्यक्रम व्यवस्थापन समितिबाट प्राथमिकताक्रमका आधारमा छनौट भएका र वैकल्पिक प्रस्तावहरु छनौट गरी स्वीकृत भएको प्रस्तावलाई समयावधि तोकी सम्झौताको लागि सूचित गरिनेछ।

(२) छनौट भएका प्रस्तावसँग स्वीकृत कार्ययोजना सहित अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। छनौट भएका प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रम अनुसार वैकल्पिकमा रहेका प्रस्तावलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मा. आरती पौडेल
मन्त्री

(३) कार्यक्रमको अनुदान रकम कूल लागतको बढीमा ५० प्रतिशत वा दफा १० को उपदफा (४) को तालिकामा तोकिएको सम्बन्धित संरक्षित संरचना निर्माण गर्न अधिकतम अनुदान रकम मध्ये जुन कम हुन्छ सोही बरावरको अनुदान रकम स्वीकृति दिनु पर्नेछ।

(४) व्यावसायिक हिसाबले नाफामूलक प्रस्ताव भएमा दफा १० को उपदफा (४) को तालिकामा उल्लेख गरिएका सबै प्रकारका संरक्षित संरचनाहरु समेटिने गरी अनुदानग्राही छनौट गर्न सकिनेछ।

तर प्रतिस्पर्धी तथा व्यावसायिक हिसाबले आकर्षक तथा उपयुक्त नदेखिएमा सबै संरक्षित संरचनाहरु समेटिने गरी अनुदानग्राही छनौट गर्न बाध्य हुने छैन।

## परिच्छेद ४

## संरक्षित संरचनाहरुको किसिम र अनुदान विवरण

१०. **संरक्षित संरचनाहरुको किसिम र अनुदान विवरण** : (१) अनुदानग्राहीहरुले उपदफा (४) को तालिकामा तोकिएको न्यूनतम क्षेत्रफल तथा अनुसूची-४ मा उल्लेखित स्पेशिफिकेशन अनुसारको संरचना निर्माण गरेको हुनु पर्नेछ।

(२) संरक्षित संरचनाहरु उपदफा (४) को तालिकामा तोकिएको न्यूनतम क्षेत्रफल भन्दा धेरै क्षेत्रफलको बनाउन सकिनेछ तर अनुदानको सीमा तालिकामा तोकिएको भन्दा बढी हुने छैन।

(३) उपदफा (४) को तालिकाको क्र.सं. १ र २ को संरचनाहरुको हकमा एउटा आवेदकले बढीमा ५ वटा संरचनाहरु एकै स्थानमा निर्माण हुने गरी आवेदन दिन सक्नेछ भने अन्यको हकमा एउटा आवेदकले एउटा मात्र संरचनाको लागि आवेदन दिन सक्नेछ।

(४) प्रोटेक्टेड हर्टिकल्चरमा निर्माण हुने संरक्षित संरचनाहरुको किसिम र अनुदान विवरण देहायको तालिका बमोजिम हुनेछ :-

| क्र. सं. | विवरण | प्रति इकाई न्यूनतम क्षेत्रफल (व.मि.) | अनुदान दर प्रति व.मि. रु. | प्रति इकाई अधिकतम अनुदान रकम रु. | भौगोलिक उपयुक्तता |
|---|---|---|---|---|---|
| १ | बाँसको प्लाष्टिक घर (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) | १२० | ३५० | ४२,००० | समुद्री सतहबाट ८००-१५०० मिटर उचाई सम्मका स्थानका लागि |
| २ | जि. आइ. पाइपको प्लाष्टिक घर (थोपा | १२० | १,३०० | १,५६,००० | समुद्री सतहबाट ८००-१५०० मिटर उचाई सम्मका स्थानका लागि |

सचिव

मा. आरती पौडेल
मन्त्री

| | | | | | |
|---|---|---|---|---|---|
| | सिंचाई र प्लाष्टिक मल्च सहित) | | | | |
| ३ | एग्रीनेट हाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) | ३९५६ | ५२५ | २०,७६,९०० | तराई क्षेत्रको लागि |
| ४ | नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) | १००८ | १,४५० | १४,६१,६०० | समुद्री सतहबाट २५०० मिटर उचाई सम्मका स्थानका लागि |

## परिच्छेद-५

## भुक्तानी प्रक्रिया

१. अनुदान प्रवाह विधिः (१) अनुदानग्राहीले प्रचलित कानून बमोजिमको खरीद प्रक्रिया अपनाई खरीद तथा निर्माण कार्य पश्चात बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ।

(२) काम सम्पन्न गरी रकम भुक्तानी माग गर्दा देहाय बमोजिमको कागजातहरु संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ :-

(क) सम्झौता-पत्रको प्रतिलिपि वा कार्यादेशको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) निर्माण कार्यका लागि प्राविधिकले तयार गरेको बिल,

(घ) कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको सक्कल प्रतिलिपि,

(ङ) बील बिजकहरुको सक्कल प्रति,

(च) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,

(छ) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन,

(ज) स्थानीय तहबाट दोहोरोपना नभएको र कृषि ज्ञान केन्द्रको कार्यसम्पन्नताको सिफारिस,

(झ) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,

(ञ) सार्वजनिक सुनुवाईको माईन्युटको प्रतिलिपि,

(ट) आवश्यक निर्णयहरुको प्रतिलिपि आदि।

(३) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिले सिफारिस पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

सचिव

१२. अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य कुराहरु: (१) अनुदानग्राहीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादिको होर्डिङ बोर्ड देखिने गरी निर्माण स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(२) कार्य सञ्चालनका क्रममा मन्त्रालय, निर्देशनालय लगायत सम्वन्धित कृषि ज्ञान केन्द्रहरुबाट दिएको लिखित निर्देशनको पालना गर्नु पर्नेछ।

(३) प्रदेश सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको कार्यको हिसाब किताब हेर्न सक्नेछ। हिसाब किताव देखाउनु सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ।

(४) अनुदानग्राहीले कम्तिमा ५ वर्षसम्म अविच्छिन्नरुपमा प्रस्तावित व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद ६

## विविध

१३. अनुगमन सम्बन्धी व्यवस्था: (१) संरक्षित संरचना निर्माण गरी उच्च मूल्य जाने तरकारी तथा पुष्प खेती कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्रहरुले संयुक्त वा आवश्यकतानुसार छुट्टा छुट्टै पनि गर्नेछन्।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख/ प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लिइएको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

१४. सार्वजनिक परीक्षण : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१५. कारबाहीको व्यवस्था: यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरिनेछ।

१६. संशोधन, खारेजी तथा बचाउ : (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

सचिव

(२) मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिको अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ।

(३) "प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" लाई खारेज गरिएको छ। त्यस कार्यविधि बमोजिम भएको सबै कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

सचिव

## अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

| |
|---|
| रु. १० को टिकट |

**आवेदन फारमको ढाँचा**

श्रीमान प्रमुखज्यू, मितिः

..............................।

विषयः प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम अन्तर्गत .......... बाली उत्पादनको लागि नेचुरल्ली भेन्टिलेटेड पोलिहाउस/एग्री नेटहाउस/बाँसको प्लाष्टिक घर/जि.आई. पाइपको प्लाष्टिक घर निर्माणको व्यावसायिक योजना सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा तहाँ ............. बाट सञ्चालन प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत (आवेदकको नाम तथा ठेगाना) ................................ ले सञ्चालन गर्ने ................................ उत्पादनको व्यावसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिमका व्यावसायिक क्रियाकलापका लागि जम्मा रकम रु. ...................... (अक्षेरुपी ............................................................) को व्यावसायिक योजना तयार गरी आवश्यक कागजातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको छु। व्यावसायिक योजनामा उल्लेख भएको कूल बजेट मध्ये तहाँबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु. ...................... (अक्षेरुपी .................................) बाहेकको अन्य रकम (आवेदकको नाम ...........................) ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु. ...................... (अक्षेरुपी ...............) बराबरको योगदान गर्न सहमत रहेको हुदा तहाँबाट सञ्चालन यस कार्यक्रममा छनौट भई पाउँ भनी तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ।

संलग्न कागजातहरुः

१.रु: १० को टिकट टाँसेको निवेदन
२.नेपाली नागरिकताको प्रतिलिपि
३.दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
४.जग्गाको जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि (आवेदकको नाममा भए पनि वा भाडामा लिएको भएपनि)
५.जग्गा भाडामा लिएको भए करार/सम्झौता-पत्र
६. आवेदकको प्रवन्ध-पत्र वा विनिमयावलीको छाँयाप्रति

७. कृषक समूह/कृषि सहकारीको हकमा प्रस्ताव पेश गर्ने र जिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रती

८. संरचनाको डिजाइन तथा लेआउट एवं आपूर्तिकर्ताको कोटेशन/ इष्टिमेट (एग्री नेटहाउस र नेचुरल्ली भेन्टीलेटेड पोलिहाउसको हकमा)

९. आवेदकसँग रहेको लगानीका श्रोतहरुको आधार (वित्तीय संस्थामा मौज्दात वा वित्तीय संस्थाको प्रतिवद्धता/ ग्यारेन्टी पत्र वा अन्य भरपर्दो विवरण)

१०. प्रस्तावित संरक्षित संरचना स्थानीय तहको प्राथमिकतामा रहेको भनी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको कृषि शाखाले दिएको सिफारिस पत्र

११. अनुसूची-२ अनुसारको व्यावसायिक योजना

१२. अनुसूची-३ बमोजिमको प्रतिवद्धता-पत्र र समान प्रयोजनको लागि कुनैपनि श्रोतबाट अनुदान नलिएको स्वघोषणा

आवेदक

नामः

पदः

संस्थाः

ठेगानाः

छापः

अनुसूची-२

(दफा ५ को खण्ड (झ) सँग सम्बन्धित)

मा. आरती पौडेल
मन्त्री

**प्रस्तावनाको ढाँचा**

**खण्ड १- प्रस्तावित आयोजनाको सारांश**

| | |
|---|---|
| आयोजनाको नामः | |
| निर्माण गर्न खोजेको संरक्षित संरचनाको प्रकार (चिन्ह लगाउने) | नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस |
| | एग्रीनेट हाउस |
| | जि. आइ. पाइपको प्लाष्टिक घर/टनेल (संख्याः .......वटा) |
| | बाँसको प्लाष्टिक घर/टनेल (संख्याः .......वटा) |
| लगाउने बालीहरुः | |
| आवेदकको नामः | |
| सम्पर्क ठेगानाः | |
| सम्पर्क टेलिफोन नः | |
| दर्ता वर्ष | |
| कर चुक्ता /स्थायी लेखा नम्बरः | |
| प्रस्तावित व्यवसायको सार संक्षेप | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्व-लगानी रु. | |
| आयोजना सञ्चालन स्थलः | जिल्लाः<br>उ.म.न.पा ./ न.पा./ गा.पा.<br>वार्ड नः<br>स्थानः |

**खण्ड २- व्यवसायको विवरण**

| |
|---|
| २.१ प्रस्तावित व्यावसायिक योजनाको भूमिका र पुष्ट्याई |

सचिव

मा. [illegible] पौडेल

५०० शब्द नबढाई व्यवसायको छोटकरी विवरण जसमा नाम, मुख्य काम, प्रकृति, वर्तमान मुख्य क्रियाकलापहरु, अवस्था, उपलब्धीहरु, सामना गरिरहेका समस्याहरु, पहिचान गरिएका अवसरहरु, कृषि सामग्रीको उपलब्धता, मूल्य अभिवृद्धिका अवसरहरु, प्रस्तावित कार्य, यसको प्रभाव, मुख्य बजार, सम्भावित आम्दानी र कृषकलाई प्रस्तावित आयोजनाबाट हुने फाइदाहरु उल्लेख गर्ने।

२.२ प्रस्तावित क्रियाकलापहरुः

बढीमा ५०० शब्द भित्र प्रस्तावित क्रियाकलापहरुको संक्षिप्त विवरण दिनुहोस (के, कसरी, कस्ले, कहाँ गर्ने)।

२.३ प्राप्त गर्न खोजिएको नतिजा/प्रतिफल :

| प्रतिफल सूचक | उप-आयोजनाको लक्ष्य |
|---|---|
| उत्पादन क्षेत्रफल/संरक्षित संरचनाको क्षेत्रफल | .... हे./........संख्या |
| उत्पादन परिणाम वृद्धि | .....टन/संख्या |
| नयाँ प्रविधि, नयाँ जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | मुख्य मुख्य मेशिन औजार तथा जातको ना प्रकार तथा क्षमता उल्लेख गर्ने |
| बिक्रि परिमाणमा वृद्धि | .....टन/वर्ष |
| आम्दानीमा वृद्धि | रु........./वर्ष |
| रोजगारी वृद्धि | ......जना स्वरोजगार, ......जना बर्षैभरी रोजग ......जना वा कार्यदिन आँशिक रोजगार |

२.४ प्रस्तावित पूर्वाधार, डिजाइन तथा इष्टिमेट

जसमा प्रस्तावित पूर्वाधारहरु जस्तै एग्रीनेट हाउस, नेचुरल्ली भेन्टिलेटेड पोलिहाउस, प्लाष्टिक टनेल, थोपा सिंचाई जस्ता पूर्बाधारहरु तथा तिनको संख्या, लम्बाइ चौडाइ, उचाइ, आकार तथा डिजाइन एवं इष्टिमेटको बारेमा उल्लेख गर्ने र व्यावसायिक योजनाको पछाडि [illegible] राख्ने।

सचिव

## ३ कार्य सञ्चालन क्षमता र अनुभव

### ३.१ अनुभवः

यसमा प्रस्तावकको प्रस्तावित क्रियाकलाप गरेको अनुभवको अवधी, प्राप्त गरेका तालिमको विवरण, उत्पादन, बाली सँरक्षण तथा व्यवस्थापन एवं बजारीकरण सम्बन्धी जानकारी, आपूर्तिकर्ता (कृषि सामग्री आपूर्तिकर्ता), सेवा प्रदायक एवं बिक्रेता बीचको सम्बन्ध आदी उल्लेख गर्नुपर्दछ।

### ३.२ उपलब्ध पूर्वाधारहरु, यन्त्र तथा औजारहरु, मानव संशोधन

| पूर्वाधार | पूर्वाधारको विवरण, किसिम, संख्या, आकार |
|---|---|
| जग्गा | |
| फार्म हाउस | |
| स्टोर/सेड | |
| ......... | |
| ........ | |
| ......... | |

### ३.३ जनशक्ति

| किसिम | | संख्या | | पुरुष | | महिला | | बाहुन/क्षेत्री | जनजाती | दलित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अहिले | थप | अहिले | थप | अहिले | थप | | | |
| प्राविधिक | पूर्णकालीन | | | | | | | | | |
| | आंशिक | | | | | | | | | |
| व्यवस्थापकीय | पूर्णकालीन | | | | | | | | | |
| | आशिंक | | | | | | | | | |
| श्रमिक | वर्ष भरी | | | | | | | | | |
| | आवश्यकता अनुसार | | | | | | | | | |

## ४. कार्यतालिका

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |



सचिव

## खण्ड ३- बिक्री तथा आम्दानी विवरण

मा. आरती पौडेल
मन्त्री

### ३.१ बिक्री आम्दानी प्रक्षेपण

| क्र.सं. | उत्पादन | इकाई | परिमाण | मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## खण्ड ४- व्यवस्थापन योजना

### ४.१ कृषि सामग्री तथा सेवा खरीद योजना

| क्र. सं. | विवरण | इकाई | परिमाण | जात वा प्रकार | आपूर्तीकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

### ४.२ जोखिम व्यवस्थापन

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको प्रकृति र व्यापकता | व्यव्थापन रणनीति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारीकरण | | | |

### ४.३ वातावरणीय र सामाजिक व्यवस्थापन

| क्रियाकलाप | प्रभाव | न्यूनीकरणका उपायहरु | अनुगमनका सूचकहरु | कैफियत |
|---|---|---|---|---|
| पूर्वाधार निर्माण | | | | |
| उत्पादन | | | | |
| बजारीकरण | | | | |

सचिव

अनुसूची-३

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**प्रतिबद्धता पत्रको ढाँचा**

कृषि विकास निर्देशनालय/कार्यालयको मिति २०७..../....../...... को सूचना अनुसार प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रममा सहभागीताको लागि व्यावसायिक योजना सहितको आवेदन पेश गरेको छु/छौ। उक्त कार्यक्रममा छनौट भएमा व्यावसायिक योजना उल्लेख भए बमोजिमको कार्य गरी घटीमा ५ (पाँच) वर्षसम्म निरन्तरता दिनेछु/छौ। व्यावसायिक योजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौ अन्यथा कानून बमोजिम सहुला/बुझाउँला। साथै सञ्चालन क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौ।

इति सम्बत २०७..../......../......गते रोज ...... शुभम्।

नाम:

ठेगाना:

संस्था:

दस्तखत:

मिति:

छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

२. <u>समान प्रयोजनको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्व-घोषणा पत्रको ढाँचा</u>

....................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रमको लागि चालु आ.व. र विगत २ आ.व. मा अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्व-घोषणा गर्दछु/गर्दछौं।

उपयुक्त बमोजिमको विवरणहरू मैले जाने-बुझेसम्म सही छ। झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला-बुझाउँला।

निवेदक

दस्तखतः

नामः

पदः

संस्थाः

मितिः

## अनुसूची-३

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**प्रतिबद्धता पत्रको ढाँचा**

कृषि विकास निर्देशनालय/कार्यालयको मिति २०७..../....../...... को सूचना अनुसार प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रममा सहभागीताको लागि व्यावसायिक योजना सहितको आवेदन पेश गरेको छु/छौ। उक्त कार्यक्रममा छनौट भएमा व्यावसायिक योजना उल्लेख भए बमोजिमको कार्य गरी घटीमा ५ (पाँच) वर्षसम्म निरन्तरता दिनेछु/छौ। व्यावसायिक योजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौ अन्यथा कानून बमोजिम सहुला/बुझाउँला। साथै सञ्चालन क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौ।

इति सम्बत २०७..../......../......गते रोज ...... शुभम्।

नाम:

ठेगाना:

संस्था:

दस्तखत:

मिति:

छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

२. समान प्रयोजनको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्व-घोषणा पत्रको ढाँचा

...................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रमको लागि चालु आ.व. र विगत २ आ.व. मा अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्व-घोषणा गर्दछु/गर्दछौं।

उपयुक्त बमोजिमको विवरणहरू मैले जाने-बुझेसम्म सही छ। झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला-बुझाउँला।

निवेदक

दस्तखतः

नामः

पदः

संस्थाः

मितिः

सचिव

अनुसूची-४

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

स्पेशिफिकेशन

मा. आगनी चौडेल
मन्त्री

५.१ नेचुरल्ली भेन्टिलेटेड पोलिहाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित)

| Summary | |
|---|---|
| **Specifications** | **Description** |
| Gable Length *(8Mtr x 3No.of bays)+4mtr hocky* | 28Mtr |
| Gutter Length *(4 Mtr x 8No. of Bays)+4mtr hocky* | 36Mtr |
| Size of Unit | 1008 Square meter |
| Total number of Units | One |
| **Specifications** | |
| Foundation Pipe (76 OD Foundation, 76 OD Foundation & 10 mm Rod) | INCLUDED |
| Covering Plastic on Top | INCLUDED |
| Secondary Layer Shade Net (Almunium Net 50%) | INCLUDED |
| Insect Net on four sides {40 mesh, 120 gsm (+/-5%)} | INCLUDED |
| Double door entry System | INCLUDED |
| Installation | INCLUDED |
| Civil work | INCLUDED |
| Drip Irrigation system | INCLUDED |
| Transportation | INCLUDED |
| Plastic Mulch (25 micron) | INCLUDED |

**Technical standards of Naturally Ventilated Polyhouse**

| S.N. | Item | General Specification |
|---|---|---|
| 1. | Type | Minimum top ventilation should be 10% of total Polyhouse area and side ventilation depends on requirement of the climatic conditions.<br>Preferably saw tooth design or Even Span, Ridge & Furrow depending upon suitability for naturally ventilated poly-house. |
| 2. | Size | Area=1008$m^2$<br>Length=Multiples of 8 Meter+4 Meter. Ex.8x2+4. (Length is side along the gable or side along the truss lines)<br>Width=Multiples of 4 Meter. Ex.4x2 or 4x3. (Width is side along the gutter or side along the Purlin lines) |
| 3. | Grid | 8Mx4M. 2 Meter corridors/balcony along all four sides. If the |

| S.N. | Item | General Specification |
|---|---|---|
| | | area is ≤ 250 Sq m then it is better to go for single span green house. |
| 4. | Shape | To reduce the impact of wind and consequent damage to greenhouse structure; Green house will be aero dynamic along all four sides with curvature shaped balcony pipes of 48 mm OD/2 mm thick G I pipes. |
| 5. | Structure | Hot Dip Galvanized Tubular structure. Galvanization of the structural member of NS standards should not be less than 300 GSM (grams per square meter) |
| 6. | Sizes of the structural members | Refer sequence as |

| Members name | Outside diameter (mm) | Thickness (mm) | Wt per meter length (kg) |
|---|---|---|---|
| Columns | 76 | 2 | 3.75 |
| Top Purline | 48 | 2 | 2.30 |
| Gutter Purline | 42 | 2 | 2.10 |
| Top arches of the truss | 42 | 2 | 2.10 |
| Bottom chord of the truss | 60 | 2 | 2.85 |
| Internal Bracings of the truss | 33 | 2 | 1.60 |
| Corridors/Balconies | 60 | 2 | 2.85 |
| Curtain Runner | 42 | 2 | 2.10 |
| Flap control pipe | 21 | 2 | 1.80 |
| Curtain shaft | 27 | 2 | 1.30 |
| Cross Bracing | 33 | 2 | 1.60 |

| S.N. | Item | General Specification |
|---|---|---|
| | | Note: Welded pipes should not be used for structures erection except bottom pipe of 8m length. |
| 7. | Fixtures to join structural members | Different type of fixtures are used to join structural members of polyhouses like brackets, cleats, clamps, nut & bolts, washers, self-tapping & drilling screw etc. The entire iron fixture should be galvanized and strong enough. |
| | a)Bracket | Made from he section like angle, channel, I beams and should be cold galvanized with minimum coat of 120 GSM. |
| | a)Clamps | Different type of clams like 76/60/48/42/33 mm OD full, 76/60/48/42/33 mm OB half are used which should be made from min. 42mm wide and 2.1 mm tick GP coil having minimum 120 GSM Galvanization. Curtain clamp should be made from high carbon steel strips of min 30mm wide and 0.8mm thick. Such clamp should have proper spring action so that after fixing at the place they should not change the |

| S.N. | Item | General Specification |
|---|---|---|
| | | location. |
| | a)Nuts, bolt and washers | From M12 to M6 Bolts, Nuts, washers should be used and they should be cold galvanized within.120 GSM coat. |
| 8. | Gutter | Gutter should be made of Galvanized sheet of 2mm thickness in trapezoidal shape having 500mm wide perimeter (Preferably of single length without joint) Coil having 120 GSM Galvanization. It should be leak proof. Min 1% slope required for the gutter. Assure uniform slope to gutter to avoid stagnant water in gutter to achieve maximum life of gutter. Gutter Orientation-North-South and may change according to win direction. |
| | Gutter Height | Gutter height should be 4 to 4.5 meter from foundation formation level. |
| 9. | Ridge Height | Ridge height should be 6 to 6.5 meter from foundation formation level. |
| 10. | Arches Overlap | Minimum overlap of top arch over second (small) arch should be 600mm to avoid direct rain entrance into the greenhouse from the vent. |
| 11. | Foundation | Put size should be min 45cm dia. Depth 75 to 90cm or suitably altered depending upon Ground strate/level so as to ensure safety and stability of the structure even under extreme wind conditions. Columns are fitted over ground "insets" and bolted to insert pipe of 60 mm OD/2mm thick G/pipe. Length of insert 120 to 130 cm & filling the pit with 1:2:4 concrete hand-mixed with appropriate Grade cement.<br>Before doing the line out for the foundation, ensure that slope of greenhouse ground along the gable should be 0% to 1% and along gutter min. 1% and max. 3%. If slope of ground exceeds this limit then ask grower to do the land development and maintain the slopes of the ground within the limits.<br>Slope along the gable and gutter should be uniform. If developed ground has filiing depth more than 200mm then ask grower to do the flooding of water over the ground so that it should settle down. If the flooding is not done than thre are chances of foundation piercing into the ground after application of structural load even foundation may dislocate. |
| 12. | Civil works | Cement concrete 1:2:4 blocks of size 30 cm X 30 cm X80cm for embedding vertical pipe/poll in brick work for wall around poly house will be 23 cm thick, 0.5 meter high (0.3 m below GL and 0.2 m above GL) in cm 1:6 with 10cm thick with PCC 1:4:8 in foundation of wall. Wall will be plastered in cm 1:4 on top and sides.<br>80cm to 1m wide and 10cm thick footpaths made of cement concrete ration of 1:2:4 should be provided. |
| 13. | Curtain Opening | In general temperature inside the poly-house is more than ambient. To reduce the inside the inside poly-house temperature increase, side ventilation, minimum 20% of floor area is necessary. |

| S.N. | Item | General Specification |
|---|---|---|
| | | Minimum 1.5 m clear side curtain opening is required. Side curtain should have min. 200mm overlap to the bottom apron. This overlap is necessary to avoid direct entrance of rain into the green house and also to stop direct air entry in the nights. |
| 14. | Bottom Apron | To top the CO2 inside the greenhouse, bottom apron is necessary. It should have min 0.6 m height from the ground and max 1.5 meter depending upon the crop and climatic conditions. |
| 15. | Doors | Double Door Entry, Doors Should Be Made of From 200 Micron UV Plastic. |
| 16. | Top shading and side shading | Top shading can be done by using following materials:<br>a) Shading net: Shading net made from HDPE should be used.<br>The selection of shade net depends upon the selection of crops grown and the light spectrum. It should not be more than 50% shade factor. It should be UV stabilized so that it should last long for min. three years. GSM should be minimum 100. Opening and closing arrangement either manual or auto should be provided to the shading net to increase its utility.<br>b) Thermal screen/Aluminate: This is better option to create the shading. It reflects the light back and by the means controls the temperature also. This defuses the light also. This is made from HDPE with hot dip alunimium castin. Minimum GSM should be 100 and minimum aluninium coating should 25 micrron. Opening and closing arrangement either manual or auto should be provided to the thermal screen to increase its utility.<br>Side Shading:<br>Shade not of 35% should be used to create side shading. This is useful to avoid direct entry of sunlight into the poly-house/green house when curtain is open. Minimum GSM should be 75.<br>or<br>Use of 40mesh UV stabilized insect proof net is also recommended to protect direct entry of insects into the polyhouse/greenhouse. This should have minimum 100 GSM weigh.<br>The shade factor (opening) in colour shade net depends on the spectrum of light through which light is passing through. So right kind of shade net is major challenge that depends on growers' choice as well to take advice from the experts. The manually operated crank mechanism should be proviced for expending and retracting the shade net. |
| 17. | Poythene | Polythene should be properly UV stabilized and prorated warranted for at least there years. Thickness of polythene should be minimum 200 micron (0.2 mm). Polythene quantity accommodates maximum 5.4 sq. meter area in its 1 kilogram weight. (For example, 5.5 mx 100 m polythene roll should have minimum weight of 5.5x100/5.4=101.85kg or 4.5m100m |

| S.N. | Item | General Specification |
|---|---|---|
| | | one roll should have minimum weight of 4.5x100/5.4=83.33kg.)<br>Options in green house film:<br>Compulsory properties:<br>UV stabilization, Diffusion/Clear (Light Transmission)<br>Optional properties:<br>UV blocking/Antivirus, Sulphur Resistant, Thermic, Anti Drip, Anti Mist, Anti Dust<br>Manufacturing Process: Five Layer/Seven Layer |
| 18. | Aluminum Profile/ Poly fixing | C type profile made from Alloy Auminum should have-high strength with light weight-(approx220-250gmrmtrs) smooth edges, Curve bottom proper for 1.25" to 3" pipes, Proper channel for spring and suitable for double spring locking 0.9mm thick. Self-drilling screw should be fixed on profile every 40cm along the full length of the profile. |
| 19. | Spring Insert | A plastic coated GI wire spring of 2.2 mm diameter, having good elasticity should be used for longer life that transferring less heat to the cladding materials as plastic films or shade net. If we are using GI spring it is better to use a two inch strap of new poly film to be placed over the main plastic in the profile and then lock it with GI profile. This will help in longer life of the plastic as the rusted spring will not directly come in contact with the main plastic.<br>All spring must end inside the profile. Any spring outside profile must be either fixed inside or should be cut so that it does not damage the plastic in strong wind as it will initiate all the plastic being pulled out of profile. |
| 20. | Air Circulation by air circulation fans | In hot and humid climate, when ambient temperature and humidity are in higher side, it is very natural that both these factors have a tendency to increase further inside a green houses. Under such condition, 'air-circulating fans' inside the green house will do a good job to reduce the harmful effect of high humidity and temperature on plants. The increased air flow inside the plant canopy reduces the leaf temperature and disperses the high humidity around levels, which maintain the transpiration pull of crop. This will work best when coupled with exhaust fans that will throw out the accumulated hot and humid air. In cool climate, during winter when the green house is heated, you need to maintain air circulation in such a way that temperature remains uniform throughout the green house. Without air mixing fans, the warm air rises to top and cool air settles around the plants on the floor. During rainy seasons. When humidity is high and high ambient temperature cools down due to rain, this air circulating fans may be used judicially to disperse the higher humidity around plant canopy. Small fans with a cubic-foot-per-minute (ft3/min) air-moving capacity of one quarter of the air volume of green house are sufficient. Place the fans in diagonally opposite corners but out |


सचिव

| S.N. | Item | General Specification |
|---|---|---|
| | | from ends and sides. The goal is to develop circular (oval) pattern of air movement. Operate fans continuously during required period of a day. |
| 21. | General conditions | Green houses structural design should be sound enough to withstand wind speed of 130 km/hr.<br>The firm should guarantee for free maintence/damage to the structural material for one year.<br>The firm should be able to construct the entire green house within eight weeks of the issues of work order. |

## ५.२ एग्री नेटहाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित)

Summary

| Particulars | Unit | Description |
|---|---|---|
| Type of Structure | | Flat roof |
| Size of Unit | Msq | 3956sqm |
| Total No.of Structure | No | 1 |
| Height above Ground | Meter | 4m |
| Net on Top | | 40 Mesh 120 GSM (+/-5%) Insect Net |
| Net on Side | 120 GSM (+/-5%) | 40 Mesh 120 GSM Insect Net |
| Secondary Layer | | 50% Almunium Net |
| Double door entry System | 1 Nos. | Included/ Structure |
| Civil work with materials | | Included |
| Installation | | Included |
| Transportation | | Included |
| Drip Irrigation System | | Included |
| Plastic mulch 25 micron | | Included |

***Structure***

Trapezoidal Structure for better Stability, Height - 4 Mtr from the Ground Level

***Pipe Material***

Galvanized Iron Pipe-Peripheral columns 76x2 mm
Galvanized Iron Pipe -Internal columns 60x2 mm

***Foundation***

Peripheral pillars Metal mold with concrete casting
Internal pillars two metal angles ready to be buried into the soil

***Anchors:***

Made of 14 mm metal rod ready to be cast in concrete

***Wire cable: Connectors:***

At the roof level 5 mm diameter. For the anchors 6 mm diameter, 4mm Trellising, Special Plastic pins, metal hooks, smart connectors etc.

***Door System***

Double Door /Single Door/ Tractor Door in Combination, Provision Optional

***Covering Material (For side and roof)***

40 Mesh - OptiNet, U.V Stabilized,

मा. आरती पोडेल
मंत्री

## Technical Specification for Double Layer Agri Net House

| S. No. | Components | Specification |
|---|---|---|
| A. | **Particulars** | |
| | Structure | Cable Perlin Model Net House |
| | Area proposed approximant Sqmtr | 3956 Sqmtr |
| | Length of Net House (5 Mtr x8No.of bays)+6 Mtr Corridor | 46m |
| | Width of Net House(8 Mtr x10No.of bays)+6 Mtr Corridor | 86m |
| | Center height | 4m |
| | Distance between two span | 5m |
| | Span Size | 5m x 8m |
| B. | **Name of Parts** | |
| | Foundation | 76 od 2.0mm thick |
| | Main Column | 76 od 2.0mm thick |
| | Internal columns | 60 od 2.0mm thick |
| | Corridor | 6mm,5mm Wire |
| | GI Clamps & Nut Bolt | As per requirement |
| | Clamps | Clamps-triple wire connector, 6mm thick cable clamp |
| C. | **Entry Room** | |
| | Entry Room Size mtr x mtr | 2m x 4m x 2m |
| | No. of Door | Two |
| | Door Size | 1.2m & 2 m |
| | Part of Door | Insect Net |
| D. | | |
| | Top | Almunium 50% net |
| | Side | 40 Mesh 120 (+/-5%) GSM Insect net |
| E. | Accessories | Cable hold small plate, Cable hold large plate, 3" & 2" pipe plastic cap 14 iron pins screen red rolls, screen pipe housing, net niddles, net oval connectors, net hook connectors, simes |
| F. | Foundation | Outer anchor: 1.8mtr length anchor with 1 mtr depth of cc 1:2:4 ratio properly Outer Pole 50 cm length 25mm dia 0.5 mtr depth of cc 1:2:4 ratio properly Intermediate pole 45cm dia 1 mtr depth of cc 1:2:4 ratio properly |
| G. | Iron accessories for foundation | Anchor, bent iron pin/rod, inner column base angles/foundation plates for intermediate poles |
| H. | Drip Irrigation System | 16 mm Inline drip lateral, class-2, Discharge: 1 to 2 lph, Emitter spacing 20-40cm, PVC mains/sub-mains, control valves, flush valves, proper sectioning based on water availability. |



सचिव

मा. आरती पाँडेय
मन्त्री

### ३ जि.आई. पाइपको प्लाष्टिक घर (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित)

**Summary**

| **Specifications** | **Description** |
|---|---|
| Gable Length *(6Mtr x 1No.of bays)* | 6 Mtr |
| Gutter Length *(4 Mtr x 5No. of Bays)* | 20 Mtr |
| Size of Unit | 120 Square meter |
| Total number of Units | One |
| **Included Materials and Services** | |
| Foundation Pipe (60 OD Foundation, 60 OD Foundation & 10 mm Rod) | INCLUDED |
| Covering 200 micron UV Plastic | INCLUDED |
| Secondary Layer Almunium Net | INCLUDED |
| Insect Net on Two sides | INCLUDED |
| Single door entry system | INCLUDED |
| Rolling Two Side | INCLUDED |
| Installation | INCLUDED |
| Civil work | INCLUDED |
| Drip Irrigation System | INCLUDED |
| Transportation | INCLUDED |

| **Technical Specifications** | |
|---|---|
| Structure type | {GI Pipe Polyhouse} |
| Size | Length: Multiples of 6mx4m (Length is the side along the gable or side along the truss line). Width: Multiples of 4m (width is the side along the gutter or side along the purlin line). |
| Grid Size | 6m x 4m |
| Orientation | North to South (Direction of Gutter run) is preferable. Or as per the local condition depending on available land, wind direction, land slope etc. |
| Side Height | 3 m |
| Center Height | 5.8m |
| Top or ridge ventilation | Top (roof vent): Top vent of 80 to 120cm of vertical gap, |



सचिव

मा. आरती पौडेल
मन्त्री

| Specifications | Description |
|---|---|
| Columns | 60 OD 2.0 mm thick Hot Dip G.I. Pipe |
| Arch | 42 OD 2.0 mm thick G.I pipe |
| Purlin | 42 OD 2.0 mm thick G.I pipe<br>Top Purlin 48 OD 2.0 mm |
| Bottom | 48 OD 2.0 mm thick G.I pipe |
| Support | 32 OD 2.0 mm thick G.I pipe |
| Door | Single door |
| Poly Locks | Aluminum locking profiles with PVC Coated wire spring with smooth finish for single and double poly fixing |
| Insect Net | 40 mesh, 120 (+/-5%) gsm |
| UV Plastic | 200 micron, five/seven layer manufacturing process |
| Plastic Mulch | 25 micron |

**बाँसको प्लाष्टिक घर/टनेल** (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित):

| क.सं | विवरण | स्पेशिफिकेशन |
|---|---|---|
| १ | **प्लाष्टिक, इन्सेक्ट नेट, मल्चिङ प्लाष्टिक, थोपा सिंचाई प्रविधि** | • २०० माइक्रोनको UV Stabilized, five layer/seven layer प्लाष्टिक<br>• 40 mesh, 120 (+/-5%) gsm को इन्सेक्ट नेट अनिवार्य लगाउनुपर्ने<br>• 25 micron को मल्चिङ प्लास्टिक अनिवार्य लगाउनुपर्ने<br>• थोपा सिंचाई प्रविधि अनिवार्य जडान गरेको हुनुपर्ने |
| २ | **बाँस** | • खामाका लागि प्रयोग हुने बास नफोडिएको र बाङगो टिङ्गो नभइ सोझो हुनु पर्नेछ<br>• धुरी र छेउ खामो माथि राखिने बास सिङ्गै वा फोडिएको हुन सक्नेछ। |
| ३ | उचाई तथा चौडाइ | • धुरी खामोको उचाइ ४.२ मिटर जसमध्ये ८० से.मी. जग्गा मुनी गाडिएको हुनुपर्ने<br>• छेउको खामोको उचाई ३.२ मिटर जसमध्ये ८० से. मी. जग्गा मुनि गाडिएको हुनुपर्ने<br>• चौडाइ आवश्यकता अनुसार वा जग्गाको उपलब्धता अनुसार हुनुपर्ने तर ६ देखि १२ मिटर भन्दा बढी हुनु नहुने। |

अनुसूची-५

(दफा ७ को खण्ड (च) सँग सम्बन्धित)

मा. आरती पौ...
मन्त्री

प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं. | सूचक | अधिकतम अङ्क |
|---|---|---|
| १ | **संरक्षित संरचना निर्माणका लागि प्रस्तावित स्थलको उपयुक्तता** | १५ |
| १.१ | उपयुक्त सिंचाईको श्रोत, निकास, सडक र विजुली पुगेको | १५ |
| १.२ | उपयुक्त सिंचाईको श्रोत, निकास र मोटरबाटो पुगेको | १० |
| १.३ | उपयुक्त सिंचाईको श्रोत भएको तर बिजुली र सडकको सुविधा तत्काल नभएको यद्यपि निर्माण सम्पन्न हुदाका बखत उपलब्ध हुन सक्ने | ८ |
| २ | **लागत साझेदारी** | १५ |
| २.१ | ७०% भन्दा बढी लागत साझेदारी | १५ |
| २.२ | ६०%-६९ % सम्म लगानी साझेदारी | १० |
| २.३ | ५०%-५९ % सम्म लगानी साझेदारी | ६ |
| ३ | **व्यावसायिक योजना** | २० |
| ३.१ | अति उत्तम | २० |
| ३.२ | उत्तम | १५ |
| ३.३ | ठीकै | १० |
| ४ | **प्रस्तावकको प्राविधिक क्षमताको अवस्था** | १५ |
| ४.१ | सम्बन्धित विषयमा व्यावहारिक अनुभव भएको | १५ |
| ४.२ | सम्वन्धित विषय अध्ययन गरेको वा सो सम्बन्धी तालिम लिएको | १० |
| ४.३ | देखेको वा विषय सम्बन्धी अप्रयास व्यावहारिक ज्ञान | ७ |
| ५ | **जग्गाको स्वामित्व** | १५ |
| ५.१ | प्रस्तावकको आफ्नै नाममा | १५ |
| ५.२ | समूह/सहकारीको सदस्यको नाममा | १० |
| ५.३ | भाडामा | ८ |
| ६ | **रोजगारी सिर्जना** | १० |
| ६.१ | ५ जना भन्दा बढीलाई प्रत्यक्ष रोजगारी सिर्जना | १० |

अनुसूची-५

(दफा ७ को खण्ड (च) सँग सम्बन्धित)

<u>प्रस्ताव मूल्याङ्कनका आधारहरु</u>

| क्र.सं. | सूचक | अधिकतम अङ्क |
|---|---|---|
| १ | **संरक्षित संरचना निर्माणका लागि प्रस्तावित स्थलको उपयुक्तता** | १५ |
| १.१ | उपयुक्त सिंचाईको श्रोत, निकास, सडक र विजुली पुगेको | १५ |
| १.२ | उपयुक्त सिंचाईको श्रोत, निकास र मोटरबाटो पुगेको | १० |
| १.३ | उपयुक्त सिंचाईको श्रोत भएको तर बिजुली र सडकको सुविधा तत्काल नभएको यद्यपि निर्माण सम्पन्न हुदाका बखत उपलब्ध हुन सक्ने | ८ |
| २ | **लागत साझेदारी** | १५ |
| २.१ | ७०% भन्दा बढी लागत साझेदारी | १५ |
| २.२ | ६०%-६९ % सम्म लगानी साझेदारी | १० |
| २.३ | ५०%-५९ % सम्म लगानी साझेदारी | ६ |
| ३ | **व्यावसायिक योजना** | २० |
| ३.१ | अति उत्तम | २० |
| ३.२ | उत्तम | १५ |
| ३.३ | ठीकै | १० |
| ४ | **प्रस्तावकको प्राविधिक क्षमताको अवस्था** | १५ |
| ४.१ | सम्बन्धित विषयमा व्यावहारिक अनुभव भएको | १५ |
| ४.२ | सम्वन्धित विषय अध्ययन गरेको वा सो सम्बन्धी तालिम लिएको | १० |
| ४.३ | देखेको वा विषय सम्बन्धी अप्रयास व्यावहारिक ज्ञान | ७ |
| ५ | **जग्गाको स्वामित्व** | १५ |
| ५.१ | प्रस्तावकको आफ्नै नाममा | १५ |
| ५.२ | समूह/सहकारीको सदस्यको नाममा | १० |
| ५.३ | भाडामा | ८ |
| ६ | **रोजगारी सिर्जना** | १० |
| ६.१ | ५ जना भन्दा बढीलाई प्रत्यक्ष रोजगारी सिर्जना | १० |

| | | |
|---|---|---|
| ६.२ | ३ देखि ५ जनालाई प्रत्यक्ष रोजगारी सिर्जना | ८ |
| ६.३ | ३ जना भन्दा कमलाई प्रत्यक्ष रोजगारी सिर्जना | ६ |
| ७ | प्रस्तावकको किसिम | १० |
| ७.१ | समूह वा सहकारी भए | १० |
| ७.२ | ३ जना भन्दा बढी सदस्य भएको प्रा.लि. भए | ८ |
| ७.३ | २ वा २ जना भन्दा कम सदस्य भएको निजी कम्पनी भए | ६ |
| | कूल जम्मा | १०० |

नोटः

- स्थलगत निरीक्षणको प्रतिवेदन अनुसार प्रस्तावहरु स्वतः अस्वीकृत हुन सक्नेछन्।
- प्रस्तावकले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्दा कुल ५०% अंक नल्याउने प्रस्तावहरु अस्वीकृत हुने छन्।

सचिव

अनुसूची– ६

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

आ. आरती पौडेल
मन्त्री

## सम्झौता–पत्रको ढाँचा

[...]ा सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ को......... ............. ... (यस पछि पहिलो पक्ष भनिने) मार्फत सञ्चालन गर्न आ.व. ....... को... .............. [...]र्यक्रम, .............. ........ कृषक/फार्म/सहकारीका .............. (पद) श्री/सुश्री/श्रीमती .................... (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति .................................. मा [...]सिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौं/लियौं।

[१]. दोस्रो पक्षले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य शुरु गर्नु पर्नेछ।

[२]. यस आर्थिक वर्ष .......मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसारको कूल लागत रु.............(अक्षरुपी................) मध्ये दोस्रो पक्षले रु.............(अक्षरुपी.........) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु.................. (अक्षरुपी..............) उपलब्ध गराउनेछ।

[३]. प्रथम पक्षले कार्य प्रगतिको आधारमा ..............प्रतिशत कार्यसम्पन्न पश्चात ...........प्रतिशत र बाँकी .............प्रतिशत रकम सम्पूर्ण कार्य सम्पन्न भई सकेपछी भुक्तानी गरिनेछ।

[४]. स्वीकृत कार्ययोजना बमोजिमका कार्यसम्पन्न पश्चात सञ्चालन तथा मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

[५]. कार्यक्रम ..... वर्षसम्म नियमित रुपमा सञ्चालन गर्नु पर्नेछ। साथै सम्झौता मुताविकको स्थल स्थानान्तरण गर्नुपर्ने अवस्थामा प्रथम पक्षको लिखित स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ।

[६]. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी कार्यविधिमा तोकिए बमोजिमका निवेदन, सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक मार्फत रकम भुक्तानी दिइनेछ।

[७]. दोस्रो पक्षले सञ्चालित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकम प्रचतलित कानून बमोजिम फिर्ता गर्नु पर्नेछ।

[८]. दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरिएको स्थलमा सबैले देख्ने स्थानमा कार्यक्रम मुख्य विवरण सहितको होर्डिङ्ग वोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

[९]. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

डा. आरती पौडेल

१०. दोस्रो पक्षले सम्झौता अनुसारको योजनाको लागि आफनै श्रोत वाहेक अन्य निकायबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

११. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन/तालिम भ्रमण कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१२. कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्विविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगाना | पदः |
| छापः | कार्यालयको छापः |
| साक्षी | साक्षी |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत .......साल ....... महिना ....गते रोज .... शुभम्

नोट : द्विपक्षीय सम्झौता हुँदाका बखत उल्लिखित बुँदाहरुमा थपघट गर्न सकिनेछ।

सचिव